# नेपाल सरकार र सयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच सम्पन्न सम्झौता

## २०६४ फाल्गुण १६ गते सम्पन्न भएको सम्झौता

**प्रस्तावना**

मधेसीहरुलाई समानता, स्वतन्त्रता, आधारभूत मानवअधिकार, सामाजिक न्याय, जनताको आत्मनिर्णयको अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र स्वायत्त प्रदेशका साथै राज्यको हरेक निकाय, तह र अंग तथा राजकीय शक्ति, साधन र स्रोतमा समेत जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व, साझेदारी एवं सहभागिता दिलाउन र सार्थक संविधानसभाको निर्वाचन हुनु आजको मूलभूत आवश्यकता हो । मधेसी जनताको आधारभूत अधिकार, आकांक्षा एवं चाहनालाई मूर्तरुप दिनका लागि निम्न राजनीतिक दलहरु एकताबद्ध भै सबै प्रकारका विभेदहरुको अन्त्य गर्न र मधेसी जनताको राष्ट्रिय पहिचान एवं आत्मसम्मान सहित हाम्रा साझा लक्ष्यहरुको प्राप्तिका लागि संयुक्त, अहिंसात्मक एवं शान्तिपूर्ण रुपमा जारी मधेसी आन्दोलनलाई सार्थक परिणाम एवं निष्कर्षमा पुऱ्याउन संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको गठन गरिएको छ । मोर्चा निम्नानुसारका न्यूनतम साझा मागहरुको प्राप्तिका लागि संघर्षरत रहनेछ ।

मोर्चाका तात्कालिन माग र कार्यक्रमहरु यस प्रकार रहेका छन् :

१. ऐतिहासिक मधेसी जनविद्रोहको क्रममा शहादत प्राप्त गर्नु भएका ४५ जना वीर मधेसी सपुतहरुलाई स-सम्मान शहीद घोषणा गरियोस् । आन्दोलनको दौरान घाइते र अपांग भएकाहरुको सम्पूर्ण उपचारको व्यवस्था, उपचारमा गरिएको सबै खर्च र उचित क्षतिपूर्ति एवं जीवन निर्वाहको व्यवस्था गरियोस् ।

२. जनताको आत्मनिर्णयको अधिकार र स्वायत्त प्रदेश सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत स्वायत्त तराई अर्थात् मधेस प्रदेशको स्थापना गरिनुपर्दछ । सोको प्रत्याभूति वर्तमान अन्तरिम संविधानमा गरिनुपर्दछ ।

३. संविधानसभाको प्रयोजनको लागि हुने समानुपातिक निर्वाचनको निम्ति वर्तमान संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशत भन्ने वाक्यांश ५० प्रतिशत हुने गरी संशोधन गरिनुपर्दछ ।

४. राज्यको प्रत्येक निकाय, अंग र तहमा मधेसी सहित आदिवासी/जनजाति, दलित, अल्पसंख्यक समुदाय र महिलाहरुको समानुपातिक प्रतिनिधित्व अविलम्ब गराइनु पर्दछ ।

५. देशको सैनिक संरचनामा मधेसी समुदायलाई सहभागिताबाट बन्चित गराइएकोले सेनाको बनौट एकांगी छ । तसर्थ जनसंख्याको अनुपातमा तत्कालै मधेसीहरुको पहिचान सहित सेनामा समूहगत प्रवेश गराइनुपर्दछ ।

६. राजनीतिक उद्देश्य प्राप्तिका लागि संघर्षरत मधेसी सशस्त्र संगठनहरुलाई मूलधारमा ल्याउन अविलम्ब राज्यको पहलमा सार्थक निकास खोजिनुपर्दछ ।

**नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच सम्पन्न सम्झौता**

नेपालमा मधेसी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दै नेपाली संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच तत्काल लागू हुने गरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरु देहाय बमोजिम छन् ।

१. मधेस आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरुलाई शहीद घोषणा गर्ने र हाल सम्म राहत नपाएका अंगभंग भएकाहरुलाई उचित राहत राज्यले उपलब्ध गराउनेछ । यसै क्रममा आन्दोलन घाइते भएकाहरुले उपचार खर्चको व्यवस्था र शहादत प्राप्त गरेकाहरुलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रु. १० लाखका दरले राहत उपलब्ध गराउने तथा गिरफ्तार व्यक्तिहरुलाई तत्काल रिहा गरिनेछ ।

२. मधेसी जनताको स्वायत मधेस प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रुपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरु पूर्णरुपले स्वायत र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरुको संरचना, केन्द्र र प्रदेशको सुचीहरुको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधान सभाबाट निर्धारण गरिनेछ ।

३. संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।

४. सरकारले सुरक्षा अंग लगायत राज्यका सबै निकायहरुमा मधेसी, आदिवासी जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रुपले गर्नेछ ।

५. नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समावेशी बनाउन मधेसी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।

६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरुलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै वार्ता बाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ । यसको लागि नेपाल सरकारले तत्कालै अनुकूल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ

। आगामी चैत २८ गतेको संविधानसभा निर्वाचन शान्तिपूर्ण, हिंसामुक्त, निष्पक्ष, स्वच्छ र भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपील गर्दछौं ।

७. सरकार र मधेसी जनअधिकार फोरम बीच २०६४ भाद्र १३ गते भएको २२ बुँदे सम्झौता अनुरुप बन्दी राखिएकाहरुको यथाशिघ्र रिहाइ, फोरम लगायत अन्य मधेसी नेता तथा कार्यकर्ताहरु माथि लगाइएका मुद्दाहरु अविलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी बुँदाहरु नेपाल सरकारले अविलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आह्वानमा जारी रहेका आन्दोलनका सबै कार्यक्रमहरु तत्काल फिर्ता लिइएको छ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरुको संवैधानिक, कानुनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहनेछ । सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चा समेत सम्मिलित एक उच्च स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

सम्झौतामा हस्ताक्षर गर्ने पक्षहरु :

राजेन्द्र महत्तो
राष्ट्रिय अध्यक्ष, सद्भावना पार्टी

गिरीजा प्रसाद कोइराला
प्रधानमन्त्री, नेपाल सरकार

उपेन्द्र यादव
केन्द्रिय संयोजक
मधेशी जनअधिकार फोरम, नेपाल

महन्थ ठाकुर
अध्यक्ष, तराई मधेश लोकतान्त्रिक पार्टी